प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि,खाद्य प्रविधि तथा भुमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र**
कपिलवस्तु

फोन नं.: ०७६-५६००२१
Email: vethospkapilvastu@gmail.com
website: www.kapilvastu.vethos.gov.np

पत्र संख्या: ०७७/०७८
च.नं.:

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/१२/१५

चालु आ.व. २०७८/०७९ मा यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपशिल अनुसारका कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक ले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०७८/१२/२९ गते भित्र) यस कार्यालयमा तपशिलको विवरणसहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव समबन्धि थप विवरणको लागि यस कार्यालयको सूचनापाटि वा वेवसाईट www.kapilvastu.vethos.gov.np बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| | |
|---|---|
| कार्यक्रमको नाम, परिमाण र बजेट | सार्वजनिक नीजि साझेदारीमा शहिद, द्वन्द्व पीडित, पूर्व जन्मुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार र सुकुम्बासी समुदायका लागि कृषि उत्पादनमूलक रोजगार कार्यक्रम (जम्मा बजेट रु ९ लाख) |
| संचालन गर्न सकिने क्रियाकलापहरु | लक्षित समुदायले पशुपन्छी तथा मत्स्यपालन व्यवसायको उत्पादन, प्रशोधन तथा बजारीकरण लागी सहयोग पुग्ने कार्यक्रम |
| न्युनतम मापदण्ड (कुनै एक) | • कम्तीमा तराईमा ३ कट्ठा र पहाडमा २ रोपनीमा घांस वा विऊ उत्पादन योजना भएको हुनु पर्ने।<br>• गाई वा भैंसीको हकमा कम्तीमा दुहुनो गाई वा भैंसी २ वटा,<br>• भेंडा, बाखा तथा बङ्गुरको हकमा ५ वटा,<br>• पंक्षीको हकमा १०० वटा,<br>• माछाको हकमा २०० देखि ४०० वर्ग मिटर जलाशयमा पालन योजना भएको हुनु पर्ने। |
| कार्यक्रम सचालन हुने क्षेत्र | जिल्लाभरि |
| आवेदकको किसिम | शहिद, द्वन्द पीडित, पूर्व जनमुक्ति सेना तथा लोकतान्त्रिक योध्दा परिवार र सुकुम्बासी समुदायका कृषक |
| अनुदानको सीमा | स्वीकृत बजेटको परिधि भित्र रही स्वीकृत लागत अनुमान सहितको कार्ययोजना अनुसार अधिकतम ८० प्रतिशत वा बढीमा रू ८० हजार मध्ये जुन कम हुन आउछ सो रकम। |

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१. कृषि तथा पशुपन्छि व्यवसाय प्रवर्धन कार्यक्रम सन्चालन कार्यविधि-२०७८ को अनुसूची २ बमोजिमको रु १० को टिकटसहितको शिलबन्दि निवेदन ।
२. कृषि तथा पशुपन्छि व्यवसाय प्रवर्धन कार्यक्रम सन्चालन कार्यविधि-२०७८ को अनुसुचि ४ बमोजिमको विस्तृत कार्ययोजना प्रस्ताव ।
३. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
४. सम्बन्धित सरकारी निकाय बाट शहिद, द्वन्द्व पीडित, पूर्व जन्मुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार र सुकुम्वासी समुदाय प्रमाणित भएको प्रमाणपत्र ।

(.................)
डा. उत्तम आचार्य
कार्यालय प्रमुख

डा. उत्तम आचार्य
पशु चिकित्सक

थप जानकारिका लागि कृषि तथा पशुपन्छि व्यवसाय प्रवर्धन कार्यक्रम सन्चालन कार्यविधि-२०७८ हेर्नुहोला। कार्यविधिसम्बन्धि विषयमा संसोधन वा परिमार्जन भएको खण्डमा सोहि बमोजिम हुनेछ । थप जानकारिका लागि कार्यालयका कर्मचारि माधव पौडेललाई ९८५७०७७१०१ मा सम्पर्क गर्न सकिनेछ ।

Scanned with CamScanner